# तरकारी बीउ उत्पादन तथा व्यवस्थापन

(Vegetable Seed Production and Maintenance)

**काली प्रसाद पाण्डे र केशब पाण्डे**

Life Seeds, Kavre

Corresponding Author: lifeseedskavre@gmail.com

**सारांश**

नेपाल कृषि प्रधान देश हो र अधिकांश नेपालीहरुको जिविकोपार्जनको पहिलो आधार कृषि पेशा हो। यसैले कृषि उत्पादन मार्फत व्यक्तिको जीवनस्तर वृद्धि गर्दै समग्र देशको आर्थिक अवस्था सुदृढ बनाउन कृषिको पहिलो अंग नै बीउ हो । त्यसमा पनि तरकारी बीउ पोषण र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेल्ने भएकोले गुणस्तरयुक्त जातिय शुद्धता कायम गरी नेपाली हावापानी सहने तरकारी बीउ उत्पादन र बजारिकरण गर्ने उद्देश्यले यस लाईफ सिड्स उद्योग स्थापना भएको हो। यस उद्योगले नेपालमा विकास भएका तरकारीका जातहरूको बीउ उत्पादन र बजारिकरण गर्दै आएको छ।

## परिचय

बीउ अन्य सामान्य कृषि उपज जस्तो वस्तु होईन। यसको उत्पादन र बजारीकरण ज्यादै संवेदनशिल हुन्छ। गुणस्तर कायम नभएमा बीउले उत्पादन प्रणालीमा पूर्ण असर गर्दछ। माग अनुरूप बीउ उत्पादन हुनु पर्दछ। आवश्यकता भन्दा बढी उत्पादन भएमा बीउ वजारीकरण हुन सक्दैन। त्यसैले ठाउँ र क्षेत्र अनुसार कुन स्थानमा कुन-कुन जातको बीउ उत्पादन गर्ने र बितरण गर्ने भन्ने बिषय महत्वपूर्ण हुन्छ। त्यसैले मागमा आधारित उत्पादन गर्नुपर्ने हुन्छ। तसर्थ बीउको भौतिक र जातीय सुद्धता कायम राखी नेपालमा लोप हुन लागेका चलन चल्तीका जातहरु बढि उत्पादन दिने र किसानले मन पराएका जातहरुलाई रैथाने वालीको रुपमा संरक्षण गर्नेगरी नेपाल सरकारका निकाय, ईजाजत प्राप्त सहकारी र निजी फार्महरुबाट मूल बीउ प्राप्त गरी उत्पादन अगाडी बढाउँदै उत्पादीत बीउहरुको प्रशोधन, प्याकेजिङ र संरक्षण गर्नेगरी सहकारी मार्फत कृषकहरुद्वारा उत्पादन सुरु गरिएको हो र सोही बीउहरु संरक्षण र प्रवर्धन गर्नेगरि यस उद्योग स्थापना गरिएको हो। यसरी उत्पादन गरिने बीउ स्वच्छ, गुणस्तरीय हुने कुरामा यो लाईफ सीड्स उद्योग प्रतिवद्ध छ।

### लाईफ सीड्स उद्योगका उद्देश्यहरु

- स्थानीय जातहरुको संरक्षण गर्ने।
- उत्पादन पहिचान गरी प्रविधिहरु कृषकहरु माझ विस्तार गर्ने।
- सहकारी मार्फत बीउ उत्पादन गराइ कृषकको आयस्तर वृद्धि गराउने।
- कृषकहरुलाई आवश्यक कृषि तालिम प्रदान गरि बीउ उत्पादनमा प्रोत्साहन गर्ने।
- बीउ प्रशोधन, ग्रेडिङ, लेवलिङ गरि बजारीकरण गर्ने।
- स्थानीय तहसँग समन्वय गरि कृषकहरुको सहभागितामा काम गर्ने।
- नेपाल सरकारका कृषिसँग सम्बन्धित निकायबाट दिईएको निर्देशन र नियम अनुसार मुल बीउ उत्पादन व्यवस्थापन गर्ने।
- आयातित बीउको परिक्षण गर्ने-गराउने र स्वदेशी बीउ उत्पादनमा जोड दिने।
- वर्णशंकर बीउ उत्पादन प्रविधि कृषकहरु माझ लगी गुणस्तरीय हाईब्रिड बीउहरु उत्पादन गराँउदै बजारीकरण गर्ने।
- आयतलाई कम गर्नेगरी नेपाली बीउको जातीय विकास र उन्नत बनाउन नेपाल सरकार, बीउविजन गुणस्तर नियन्त्रण केन्द्र आदिसँग समन्वय गरि काम गर्ने गरेको।
- राष्ट्रीय तथा अन्तराष्ट्रिय बीउ कम्पनीहरुसँग सहकार्य गरि बीउ उत्पादन तथा बजारिकरण गर्ने।
- बजारको माग र आवश्यक्ता पहिचान गर्ने।
- लोपोन्मुख स्थानीय जातका बीउहरु संरक्षण गरि आयातित बीउहरुको परिक्षण, सम्बर्द्धन र प्रर्वद्धन गर्न सहजिकरण गर्ने।
- सहकारीसँग बीउको दररेट सम्झौता गर्ने।

**यस उद्योगमा आवद्ध बीउ उत्पादक सहकारी संस्थाहरु**


- फूलवारी तरकारी बीउ उत्पादक स.सं.लि., तेमाल-१, काभ्रे
- पञ्चकन्या तरकारी बीउ उत्पादक स.सं.लि., तेमाल-१,काभ्रे
- शुभ प्रभात तरकारी बीउ उत्पादक स.सं.लि., नमोवुद्ध-५, काभ्रे
- जोरसल्ला तरकारी बीउ उत्पादक स.सं.लि., नमोवुद्ध-४, काभ्रे
- पञ्चमूखी तरकारी बीउ उत्पादक स.सं.लि., रोसी-२, काभ्रे
- ठाकुरदेवी तरकारी बीउ उत्पादक स.सं.लि., रोसी-६, काभ्रे
- समशितोष्ण उन्नत तरकारी बीउ उ.सं., रुकुम
- साँखबेसी उन्नत तरकारी बीउ उ.सं., रुकुम
- रुकुमेली उन्नत तरकारी बीउ उ.सं., रुकुम

**४. यस उद्योगको मुख्य मुख्य उत्पादित बीउहरु**

| | |
|---|---|
| पालुङ्गो-पाटने | केराउ-सिक्किमे |
| चम्सुर-ठिमी-१ | बकुल्ला-स्थानीय |
| सिमि-चौमासे | लौका-स्थानीय |
| सिमि-त्रिशुली | घिरौला-कान्तिपुरे |
| सिमि-झाँगे | चिचिन्डा-स्थानीय |
| गोलभेडा-बि.एल. | प्याज-रेड क्रियल |
| गोलभेडा-सृजना हाईब्रिड | रायो-मार्फा चौडापात |
| काक्रो-भक्तपुर स्थानीय | रायो-खुमल चौडापात |
| करेला-लामो सेतो | मूला-मिनोअर्ली |
| खुर्सानी-अकबरे | मूला-प्यूठाने रातो |
| काउली-खुमल ज्यापू | मूला-४० दिने |
| काउली-काठमाण्डौ स्थानीय | मूला-अल सिजन |
| सिमि-राजमा | बकुल्ला-स्थानीय |
| सिमि-भि.एस.पि | लौका-स्थानीय |
| फर्सी-लोकल | सलगम-पर्पल टप, काठमाण्डौं रातो; गान्टे लगायत अन्य बालीहरु |

**५. लाईफ सिडस् उद्योगको बिगत ४ वर्षको बीउ उत्पादन अवस्था**






**६. मुल बीउ व्यबस्थापन**

नेपाल सरकारको मातहतमा रहेका बागबानी केन्द्र तथा नेपाल कृषि अनुसन्धान परिषदका फार्म केन्द्रहरू

ईजाजत प्राप्त बीउ उत्पादक कम्पनी

तरकारी बीउ उत्पादक सहकारी संस्थाहरु

**बलम. सहकार्य**

बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
नेपाल कृषि अनुसन्धान परिषद
प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
नेपाल सरकारका कृषि कार्यालयहरु
स्थानिय तह
सहकारी तथा बीउ उत्पादक कृषकहरू

## ८. बजारिकरण

नेपालका बिभिन्न बीउ बिजन कम्पनि, एर्गोभेट, सघं सस्थां, स्थानिय सरकार, लगायतका र विशेषगरी खुद्रा ब्यापारिहरूलाई २ ग्राम देखि ५० किलोग्राम सम्मका प्याकमा बीउहरू प्रसोधन, प्याकेजिङ गरि बजारीकरण गरिरहेको ।




## ९. लक्ष्य

- वार्षिक १५५ मे. टन बीउ उत्पादन गरि प्रशोधन र प्याकेजिङ गरि बजारिकरण गर्ने
- बीउ बैंक र बीउ ल्याव स्थापना गर्ने ।
- बीउ उत्पादन गराउदै आयातलाई कम गराउन पहल गर्ने ।
- उन्नत तथा हाईब्रिड बीउ नेपालमै उत्पादन गरि अन्तराष्ट्रिय बजार सम्म पुऱ्याउन पहल गर्ने ।
- एक प्रसोधनशाला निर्माण गर्ने ।
- देशभरको कृषि तथ्याङ्कलाई वास्तविक तथ्याङ्क बनाउन सहजीकरण गर्ने ।
- विदेशीने युवाहरुलाई बीउ उत्पादनमा प्रेरित गरी उत्पादन बढाउन पहल गर्ने ।
- सम्पूर्ण कृषकलाई गुणस्तरीय सेवा प्रदान गर्ने ।
- निरन्तर नेपाल सरकार अन्तर्गतका कृषि विकास कार्यालय तथा कृषि विभागको निर्देशनमा काम गर्ने ।




## १०. समस्याहरू

- जनशक्ति अभाव
- बीउ उत्पादन कार्यलाई उत्पादनशील जमिन अभाव
- गुणस्तरयुक्त मूलविउ अभाव
- समयमा किसानले कृषि सामाग्री नपाउनु
- उत्पादन एकिन नहुँदा बजारमा उतारचढाव भई बजारीकरणमा समस्या
- उच्च प्रतिस्पर्धाका कारण उत्पादनपछि बजारीकरणमा असहजता

- मूल्यमा एकरूपता नहुनु र अस्थिरता कायम हुनु
- उत्पादन पश्चात् बिचौलिया हावी हुनु
- सरकारी निकाय तथा गुणस्तर नियन्त्रण केन्द्रको सहयोग समयमा प्राप्त नहुनु
- बीउबिजन नियमावली कार्यान्वयनमा समस्या

## ११. समस्स्या समाधानका लागि गरिएका पहलहरु

- केही बालीको मूल बीउलाई सहकारी क्षेत्रमै छनोट गरी सुधार गरीएको
- बजारको मागमा आधारित बीउहरू मात्र उत्पादन गर्ने गरिएको
- माग अनुसारका उच्च गुणस्तरका बीउ प्याकेजिङ गरि बजारीकरण गरिएको
- अनुगमन निरीक्षण सम्बन्धित निकायबाट बेलाबेलामा गराइएको
- गुणस्तरयुक्त धेरै बीउहरू उत्पादन गर्ने कृषक सहकारी लाई पुरस्कार व्यवस्था गरी उत्पादनमा सहजीकरण गरिएको
- बीउ उत्पादक कृषकहरूलाई बेलाबेलामा उत्पादन क्षेत्र अन्य ठाउँहरूमा भ्रमण गोष्ठी आदिमा समावेश गराइएको
- उत्पादक संस्थाको नीति र कार्यविधिमा रही उत्पादन र बजारीकरण गर्ने गरेको
- नेपालमा उत्पादन गर्न सकिने केही बालीको ९०% सम्म सम्म तरकारीका बीउहरूको मागलाई पूरा गर्ने गरी जिल्ला तहमा उन्नत जातका तरकारी को बीउहरू समग्रमा ३८% मागलाई सहकारी र कृषकहरु बीचको एक साझेदार उत्पादक मार्फत यस उद्योग प्रशोधन र प्याकेजिङ गरी बजारीकरण मा पूर्णता दिँने कार्य गरिरहेको छ।

**बीउ उत्पादनका केहि झलकहरु**

















